# मायादेवी गाउँपालिकाको रोजगार सम्वाद मञ्च (संचालन तथा व्यवस्थापन)

# कार्यविधि, २०८०

**स्वीकृत मितिः २०८१/३/१६**

**प्रस्तावना**

मायादेवी गाउँपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न, रोजगार निति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन निजि, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवं सञ्चार जगत समेतको सहभागितामा रोजगार संवाद मञ्च गठन तथा संचालन गर्न वाञ्छानीय भएकोले,

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम २४ बमोजिम यो रोजगार सम्वाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम रोजगार सम्वाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपाललिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय व प्रसंङ्ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"मञ्च"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको रोजगार सम्वाद मञ्चलाई सम्झनु पर्दछ ।

(ख) **"बेरोजगार व्यक्ति भन्नाले"** एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको व कम्तीमा तोकिए बमोजिमको आय अर्जन हुने स्वरोजगारमा संलग्न नरहेको यस गाउँपालिका भित्र स्थायी बसोबास भएको अठार वर्ष देखि उनान्साठी उमेर समुहका नेपाली नागरिक सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

सरस्वती यादव
उपाध्यक्ष

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

(ग) **"स्वरोजगार"** भन्नाले आफ्नो श्रम, सीप, ज्ञान, श्रोत, साधन र पूँजीको परिचालन गरी कुनै वस्तु व सेवाको उत्पादन, त्यस्तो वस्तु व सेवाको व्यापार व कुनै उद्योग वा व्यापार व्यवसाय संचालन वा त्यस्तै कुनै उद्म वा आय अर्जन गर्ने कार्य सम्झनु पर्दछ ।

(घ) **"रोजगारदाता"** भन्नाले यस गाउँपालिका, गाउँपालिका अन्तर्गतका कार्यालय वा निकाय, सार्वजनिक संस्थान, संघ-संस्था, उद्योग, प्रतिष्ठान तथा कानुन बमोजिम संचालनमा रहेका रोजगारमूलक निकाय सम्झनु पर्दछ र सो शब्दले निजि रोजगारीका अवसर उपलब्ध गराउने व्यक्ति वा फर्मलाई समेत जनाँउछ ।

(ङ) **"रोजगार सेवा केन्द्र"** भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्र सम्झनु पर्दछ ।

(च) **"सदस्य-सचिव"** भन्नाले यस कार्यविधिको दफा ३ को खण्ड (ड) बमोजिम सदस्य सचिव सम्झनु पर्दछ ।

(छ) **"सदस्य"** भन्नाले रोजगार सम्वाद मञ्च र सो मञ्चले गठन गरेका कार्यदलका सदस्य समेतलाई सम्झनु पर्दछ ।

(ज) **"निर्देशक समिति"** भन्नाले रोजगरीका हक सम्बन्धी नियमावली, २०७५ को नियम १४ बमोजिम गठित मायादेवी गाउँपालिकाको स्थानिय निर्देशक समिति सम्झनु पर्दछ ।

(झ) **"रोजगार संयोजक"** भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ५(१) बमोजिमको रोजगार संयोजक सम्झनु पर्दछ ।

(ञ) **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिका सम्झनु पर्दछ ।

## परिच्छेद २

## रोजगार सम्वाद मञ्चको गठन

**२. रोजगार सम्वाद मञ्चः** (१) यस गाउँपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसरको पहिचान, समस्याको समाधान, रोजगारी सिर्जनाका विधिहरुको विकास गर्न तथा रोजगार सम्बन्धी विषयमा आवश्यक सुझाव दिन एक रोजगार सम्वाद मञ्च रहनेछ ।

(२) उपदफा (१) बमोजिम मञ्च देहाय बमोजिम गठन हुनेछः-

प्रमुख प्रशासकीय अधिकृत

सरस्वती
सरस्वती यादव
उपाध्यक्ष

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (च) गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरु मध्ये संयोजकले तोकेको प्रतिनिधि एक जना | सदस्य |
| (छ) गाउँपालिकामा आवद्ध निर्माण व्यवसायीहरु मध्ये संयोजकले तोकेको प्रतिनिधि एक जना | सदस्य |
| (ज) गाउँपालिकाको उद्योग बाणिज्य संघको प्रतिनिधि एक जना | सदस्य |
| (झ) गाउँस्तरीय सहकारी संजालको प्रतिनिधि एक जना | सदस्य |
| (ञ) गाउँ समाजको प्रतिनिधि एक जना | सदस्य |
| (ट) सञ्चार समुहका प्रतिनिधि एक जना | सदस्य |
| (ठ) घरेलु तथा साना उद्योग संचालक अथवा तालिम प्रदायक संस्थाको प्रतिनिधि एक जना | सदस्य |
| (ड) रोजगार संयोजक | सदस्य-सचिव |

**३.** उपदफा (२) को खण्ड (च) (छ) (ज) (झ) (ञ) (ट) र (ठ) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

**४ बैठक तथा कार्य संचालनः** (१) मन्चको बैठक कम्तीमा ६ महीनामा एक पटक अनिवार्य बस्नु पर्नेछ तर आवश्यकता अनुसार सो भन्दा बढी बैठक बाधा पर्ने छैन ।

(२) मन्चको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(३) संयोजकले आवश्यक ठानेमा कार्यपालिका सदस्य सम्बन्धित क्षेत्रका विज्ञ एंव कर्मचारीलाई मन्चको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सरस्वती यादव
उपाध्यक्ष

नसिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

(४) मञ्चको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(५) मञ्चका कुल सदस्य संख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता यस समितिका संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा गाउँपालिका उपाध्यक्षले गर्नेछ ।

(७) एक तिहाई सदस्यले समितिको बैठक बस्न लिखित अनुरोध गरेमा संयोजकले १५ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(८) मञ्चको कुनै सदस्य कुनै कारणवस बैठकमा उपस्थित हुन नसकेमा मञ्चको संयोजक वा सदस्य-सचिव लाई पूर्व जानकारी गराउनु पर्नेछ ।

(९) मञ्चको बैठकमा बहुमतको राय मान्य हुनेछ मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(१०) मञ्चका सदस्यहरुले बैठकमा भाग लिए वापत नियमानुसारको बैठक भत्ता पाउनेछन ।

(११) मञ्चको बैठक सम्बन्धी अन्य कार्यविधि मञ्च आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१२) मञ्चको निर्णय सो समितिका सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(१३) मञ्चको निर्णय अनुसारको राय, सल्लाह, सुझाव र निर्देशन मातहतका कुनै निकायलाई दिनु पर्ने भएमा संयोजक वा सदस्य-सचिवको दस्तखत गरी पठाउनु पर्नेछ ।

(१४) मञ्चको सचिवालय रोजगार सेवा केन्द्रमा रहनेछ ।

**५. उपसमिति गठनः** (१) मञ्चले रोजगारी सम्बन्धी कुनै विषयमा परामर्श लिन वा अध्ययन अनुसन्धान गर्न आवश्यक भएमा कार्यक्षेत्र वा समयावधि तोकि आवश्यकता अनुसार बढीमा पाँच सदस्सीय उपसमित गठन गर्न सक्नेछ ।

सरस्वती

सरस्वती यादव
उपाध्यक्ष

अलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

(२) उपदफा (१) बमोजिमको उपसमितिले निर्धारित समयमा मञ्च समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपसमितिको कामकाज वा बैठक सम्बन्धी अन्य कार्यविधि उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपसमितिको बैठकमा गाउँपालिकाका पदाधिकारी, कर्मचारी वा विषय विज्ञलाई आमन्त्रित गरी परामर्श लिन सकिनेछ ।

## परिच्छेद ३

## रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकार

६. **रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकारः** रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानिय तह भित्र रहेको रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने ।

(ख) संघीय, प्रदेश र स्थानिय सरकार र मातहातका निकायहरुबाट संचालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु बीच समन्वय र सहकार्य गर्ने ।

(ग) बेरोजगारीको समस्या समाधान गर्न रोजगारी सिर्जनाका नविनतम उपाय, ढाँचा तथा विधिहरुको विकास गर्ने ।

(घ) बेरोजगारीको समस्यालाई दीगो वा दीर्घकालीन रुपमा समाधान गर्न रोजगारी सम्बन्धी विषयमा आवश्यक नीति, रणनीति, कार्यनिति, योजना तथा कार्यक्रम तर्जुमा गर्न परामर्श दिने र सहयोग गर्ने ।

(ङ) आन्तरिक रोजगारीलाई प्रर्वध्दन गर्न, स्थानिय तथ्यांक संकलन, प्रशोधन, अध्ययन अनुसन्धान तथा प्रकाशन गर्ने गराउने ।

(च) मुल्याङकंनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी रोजगारीका कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मुल्याङकंन गर्ने गराउने र त्यसको आधारमा रोजगारीका नीति तथा कार्यक्रम कार्यन्वयनको तहमा गर्नु पर्ने सुधार गर्ने गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

सरस्वती
सरस्वती यादव
उपाध्यक्ष

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

(छ) स्थानिय तहमा रहेका रोजगारदाताको प्रोफाईल निर्माणमा सहयोग गर्ने ।

(ज) आन्तरिक रोजगारी सिर्जनाका लागि रोजगार प्रर्वध्दन गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(झ) श्रम बजारको माग बमोजिम रोजगारमूलक तथा सीपमूलक तालिम गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ञ) स्थानिय तहमा रहेको रोजगारदाताको प्रोफाइल तयार गर्न आवश्यक सहजीकरण गर्ने ।

(ट) रोजगार विनिमय सेवा, उद्‌मशिलता विकास, सुरक्षित आप्रवासन तथा बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरण लगायतका विषयमा एकीकृत रुपमा सेवा प्रवाह गर्न स्थानिय तहलाई सल्लाह सुझाव दिने ।

(ठ) मुलुकको आन्तरिक श्रम बजारमा श्रमिकको माग र आपुर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकासमा स्थानिय तहलाई आवश्यक सहयोग सहजीकरण उपलब्ध गराउने ।

(ड) स्थानिय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय, गैरसरकारी संघसंस्था, निजि क्षेत्र तथा त्यस्ता अन्य निकाय दवारा संचालित कार्यक्रमहरुसँग समन्वय र सहकार्य गर्न राय, परामर्श प्रदान गर्ने ।

(ढ) "श्रमको सम्मान, राष्ट्रको अभियान" संचालनमा आवश्यक सहजीकरण गर्ने ।

(ण) रोजगार प्रदायक निकाय वा सीपमूलक तालिम प्रदायक निकायहरुको बीचमा तालिम संचालन गर्न आवश्यक समन्वय गरी श्रम बजारको माग र आपूर्ति बीच संतुलन कायम गर्न सहयोग गर्ने ।

(त) रोजगार सेवा केन्द्रलाई आवश्यक राय, सल्लाह, सुझाव तथा निर्देशन दिने ।

(थ) श्रम बजारमा आवश्यक जनशक्ति विकासका लागि तालिम प्रदान गर्नु पर्ने क्षेत्रहरुको पहिचानमा सहयोग गर्ने ।

(द) रोजगारदाता तथा कामदारका बिचमा सिर्जना हुने विवाद समाधानमा सहजीकरण गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

सरस्वती
सरस्वती यादव
उपाध्यक्ष

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

परिच्छेद-४

विविध

**७. मञ्चलाई आवश्यक पर्ने बजेट व्यवस्थापनः** मञ्चलाई बैठक संचालन, अध्ययन, अनुसन्धान, अनुगमन र प्रभाव मुल्याङ्न लगायत रोजगारीका क्षेत्रसँग सम्बन्धित नीति, योजना, कार्ययोजना तर्जुमा गर्न आवश्यक पर्ने बजेट गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

**८. सूचना तथा कागजात उपलब्ध गराउनु पर्नेः** मञ्चले मागेका प्रमाण, कागजात उपलब्ध गराउन कार्यपालिका एवं सो अन्तर्गतका शाखा इकाई निकाय वा कर्मचारीको कर्तव्य हुनेछ ।

**९. स्थलगत भ्रमण सम्बन्धी व्यवस्थाः** मञ्चको निर्णय अनुसार मञ्च वा उपसमितिका पदाधिकारीले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित विषयमा संयोजकको स्वीकृतिमा संघीय, प्रदेश र स्थानिय तहका निकायहरु, गैरसरकारी संस्थाहरु, निजि क्षेत्र लगायतका रोजगार प्रदायक निकायहरुबाट संचालित रोजगारीसंग सम्बन्धित गतिविधि कार्यस्थल र आयोजना स्थलमा भ्रमण गर्न सक्नेछ ।

**१०. कार्यतालिकाको निर्माण तथा कार्यविधिको पालनाः** (१) मञ्चले आफ्नो कार्य समयमै गर्न कार्यतालिका निर्माण गर्न सक्नेछ र सो कार्यतालिका पालना गर्नु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

(२) कार्यविधिमा उल्लिखित व्यवस्थाको पालना गराउने सम्बन्धमा संयोजकको निर्णय अन्तिम हुनेछ ।

**११. समितिको अभिलेखः** (१) मञ्चले आफुले गरेको कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) मञ्चले आफ्नो कार्यक्षेत्र भित्रको कुनै काम कारवाहीको प्रकृति र विषयको गम्भीरतालाई दृष्ट्रिगत गरी गोप्य राख्नु पर्ने अभिलेखहरु सार्वजनिक गर्नु हुदैन ।

(३) मञ्चमा भएको छलफल, निर्णय र कामकार्यवाहीसंग सम्बन्धित अभिलेख सदस्य-सचिव मार्फत सचिवालयले व्यवस्थित गरी राख्नेछ। त्यस्तो निर्णयको अभिलेख संयोजकको अनुमति बिना सचिवालय बाहिर लैजान सकिने छैन ।

**१२. अनुगमनः** (१) मञ्चले रोजगार सेवा केन्द्र वा अन्य निकायबाट संचालित रोजगारमूलक तालिम आयोजना र स्वरोजगारमूलक, उत्पादनमूलक र उद्मशीलता प्रर्वध्दन गर्ने योजना तथा कार्यक्रमको प्रगति साथै रोजगारदाताहरुसंग भएको सम्झौता बमोजिमका कार्यहरु भए नभएको स्थलगत अनुगमन गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सरस्वती

सरस्वती यादव
उपाध्यक्ष

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

(२) मञ्चले अनुगमन सम्पन्न भए पश्चात बैठक बसी छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमनबाट प्राप्त सूचना जानकारी तथा विवरण समेतका आधारमा प्रतिवेदन तयार गरी अनुगमन सम्पन्न भएको मितिले सात दिन भित्र सदस्य-सचिव मार्फत छलफलको निमित्त कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अनुगमनको क्रममा सम्बन्धित योजना वा कार्यक्रमको अवस्था झल्किने गरी लिइएका तस्वीर समेत संचालन गर्नु पर्नेछ ।

**१३. प्रतिवेदन पेश गर्नु पर्नेः** (१) मञ्चले गरेका कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) मञ्चले वार्षिक प्रतिवेदन तयार गर्दा प्राप्त निर्देशन, राय, परामर्श, सुझावहरुको कार्यान्वयन स्थितिको समीक्षा समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन गाउँपालिकाले सार्वजिनक गर्न सक्नेछ ।

**१४. कार्यविधिमा संशोधन वा हेरफेरः** गाउँकार्यपालिकाले मञ्चको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१५. बाधा अडकाउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

सरस्वती

प्रमुख प्रशासकीय अधिकृत

सरस्वती यादव
उपाध्यक्ष

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिकाको रोजगार सम्वाद मञ्चका सदस्यहरुः मितिः २०८१/०३/१७

| | नाम/थर | साविक पद | हाल मञ्चमा पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री वलीउद्दीन मुसलमान | गा. पा. अध्यक्ष | संयोजक | |
| २ | श्री सरस्वती यादव | गा. पा. उपाध्यक्ष | सदस्य | |
| ३ | श्री युवराज परियार | प्र. प्र. अधिकृत | सदस्य | |
| ४ | श्री शैलेन्द्र यादव | वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री राघबेन्द्र प्र. पाण्डेय | वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री सरफुद्दीन मुसलमान | गाउँ समाज प्रतिनिधि | सदस्य | |
| ७ | श्री परमात्मा अग्रहरी | उ. वाणिज्य संघ प्रतिनिधि | सदस्य | |
| ८ | श्री शीतल चौधरी | निर्माण व्यवसायी | सदस्य | |
| ९ | श्री तबारक मुसलमान | सहकारी संजाल प्रतिनिधि | सदस्य | |
| १० | श्री सरीफ मुसलमान | गैरसरकारी(lido) प्रतिनिधि | सदस्य | |
| ११ | श्री रामचन्द्र चौधरी | सूचना प्रविधिक अधिकृत | सदस्य | |
| १२ | श्री सुदीप गौड | तालिम प्रदायक संस्था | सदस्य | |
| १३ | श्री सुरेन्द्र कुर्मी | रोजगार संयोजक | सदस्य-सचिव | |